हरिनास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चित्रेभञ्ज्याङ्ग, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल
स्थापित २०७३

पत्र संख्या: ०८१/०८२
च.नं.:

सूचना नं. ८२/०८१/०८२

मितिः२०८२/३/१०

**विषय :- तहवृद्धिको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

गण्डकी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय पोखरा द्वारा जारी स्थानीय सेवाको गठन सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७९ को दफा ९ ( दरबन्दी कायम), दफा २७, तह बृद्धि सम्बन्धी व्यवस्था अनुसार यस कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी कर्मचारी मध्ये देहायका तहको लागि तोकिएको न्यूनतम योग्यता पूरा भएका र प्रचलित कानून कानून बमोजिम तह वृद्धिको लागि अयोग्य नभएका ईच्छुक कर्मचारीहरुले हरिनास गाउँपालिकाको website www.harinasruralmunicipality.com मा रहेको तह वृद्धिको आवेदन फारममा उल्लेखित विवरणहरु खुलाई नेपाली कागजमा प्रिन्ट गरी २ प्रतिका दरले मिति २०८०/०३/१६ गते सम्म कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीबाट प्रमाणित गराई हरिनास गाउँपालिकाको प्रशासन शाखामा बुझाउनु हुन यो ७ दिने सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका वा अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथी कारवाही नगरिने व्यहोरा अनुरोध छ । संलग्न गराउनु पर्ने आवश्यक कागजातहरु :-

१. यस कार्यालय भन्दा अन्यत्र कार्यालयको का.स.मु. आवश्यक पर्नेको हकमा सो समेत।
२. आवेदन फारममा निर्दिष्ट गरिएका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।
३. आवेदन फारमका साथ तहवृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति पत्रको प्रतिलिपि, कर्मचारी समायोजन २०७५ बमोजिम यस कार्यालयमा समायोजन भएको समायोजन पत्रको प्रमाणित प्रतिलिपि २/२ प्रति शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपी।
४. निवेदन।
५. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी।

न्यूनतम योग्यता :-

| क्र.सं. | हालको तह | वृद्धि हुने तह | सम्वन्धित तहमा सेवा गर्नु पर्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | पाँचौं | छैटौं | पाँच वर्ष | |
| २. | सातौं | आठौं | पाँच वर्ष | |

२०८२/३/१०
शिव कुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिव कुमार पौडेल
प्रमुख प्रशासकीय अधिकृत